नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**बबरमहल, काठमाडौं**

मितिः- २०८१/०२/१३

# विज्ञप्ति

काठमाडौं महानगर प्रमुखबाट सामाजिक सञ्जाल Facebook Account मार्फत व्यक्त भएको धारणा र सोही Status लाई आधार मानी बनाइएका विभिन्न न्युज मिडियामा प्रकाशित समाचार र सामाजिक सञ्जाल प्रयोगकर्ताहरुबाट व्यक्त प्रतिकृया प्रति सडक विभागको गम्भीर ध्यानाकर्षण भएको छ ।

महानगर प्रमुखले उठान गर्नुभएको कलंकी- बसुन्धरा सडक खण्डको अवस्थाको बारेमा महानगर र सडक विभाग विच पटक पटक संवाद, सहयोग र सहकार्य भई आएको विषयलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ । उक्त खण्डको Main Lane लाई 8 lane मा चिनिया सरकारको अनुदान सहयोगबाट विस्तार गर्ने गरी सन् २०२४/३/२० मा नै चिनिया पक्षबाट "Exchange of Note" प्राप्त भईसकेको साथै श्री अर्थ मन्त्रालय र चिनिया पक्ष बीच "Exchange of Letter" मा हस्ताक्षर गर्ने गरी तयारी भइरहेको व्यहोरा जानकारी गराउन चाहन्छौ ।

उक्त खण्डको Service track निर्माणको लागि नेपाल सरकारको स्रोतबाट सडक विभागले ठेक्का ब्यवस्थापन गरी निर्माण कार्य अगाडि बढाएको छ | Main lane र service lane विचको भागमा अनधिकृत व्यक्तिहरुबाट फोहोर फाल्ने प्रवृत्ति बारे सडक विभाग र महानगर बिच छलफल भएको साथै श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा समेत पटक पटक छलफल भएको व्यहोरा जानकारी गराउदछौ। उक्त स्थानमा अनधिकृत रुपमा फोहर फाल्न नदिने तथा फोहर व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी समेत महानगरकै रहेको भएता पनि यसमा दुवै पक्षबाट आ-आफ्नो तर्फबाट सकारात्मक सहयोगी भूमिका खेली रहेको व्यहोरा जानकारी गराउन चाहन्छौ।

यसै विच महानगर प्रमुखबाट सामाजिक सञ्जालमा उल्लेख गरेझै काठमाडौं महानगरबाट सडक बिभाग र सडक डिभिजन काठमाडौंको मूलद्वारमा फोहर थुपार्ने कार्यलाई Facebook पेजमा महत्व दिई Status लेखेको सन्दर्भमा यस्ता अमर्यादित र सार्वजनिक हित प्रतिकुल हुने क्रियाकलाप महानगरबाट हुन्छ भन्ने बारे सडक विभागले विल्कूल अपेक्षा गर्न सक्ने विषय नरहेको र भविष्यमा समेत नहुने अपेक्षा गरिएको छ । महानगर प्रमुखबाट उठान गरेका विषयले सडक विभागलाई सकारात्मक दवाव प्रदान गरेको सन्दर्भमा यसलाई सडक विभागले सकारात्मक सुझाबको रुपमा लिएको छ तर हामी सवैको जनप्रतिनिधिको रुपमा महानगर प्रमुखको हैसियतमा यस्ता प्रकृतिका अस्वाभाविक गतिविधिले समाजमा गलत प्रवृत्ति बढ्दै जानेतर्फ सवै सजग हुनुपर्ने अनुरोध गर्न चाहन्छौ |

महानगर भित्रका विद्यमान सडक संजाल मध्ये १४८ कि.मी मात्र सडक विभागबाट कार्यान्वयन/मर्मत सम्भार हुँदै आइरहेको र अत्यन्तै महत्वपूर्ण चक्रपथ निर्माण एवं विस्तार लगायत सडकहरु व्यवस्थित गर्न माननीय उपप्रधानमन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट स्पष्ट निर्देशन भई, सोही अनुरुप कार्य हुने गरी काम भइरहेको र यसको नतिजा आगामी आ.व बाट नै क्रमशः देखिदै जाने व्यहोरा समेत जानकारी गराउँदछौ ।

अतः काठमाडौं महानगर र सडक विभाग विच यस अघि झैं निरन्तर छलफल समझदारी र सहकार्य गरी जनहितको साझा लक्ष्यमा अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्दछौं र महानगरबाट समेत सोही अनुरुपको समन्वय, सहकार्य एवं सहयोगको अपेक्षा गर्दछौं ।

२/१३

प्रवक्ता